# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, असार १७ गते २०४८ साल (संख्या १२


## भाग ३

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

### खाद्य ( तेस्रो संशोधन ) नियमावली ,२०४८

खाद्य नियमावली, २०२७ लाई संशोधन गर्न वान्छनीय भएकोले ,

खाद्य ऐन, २०२३ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "खाद्य (तेस्रो संशोधन) नियमावली,२०४८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. खाद्य नियमावली, २०२७ को नियम ८ मा संशोधनः खाद्य नियमावली, २०२७ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को,–

१. उप-नियम (१) को खण्ड (घ) मा रहेको "पंचायत र" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिका" भन्ने शब्दहरू राखिएका छन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (२) मा रहेका "अञ्चलाधीश कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

३. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को,–

(१) उप-नियम (१) को खण्ड (ग) मा रहेका "अञ्चलाधीश कार्यालयमा" भन्ने शब्दहरूको सट्टा "जिल्ला कार्यालयमा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उप-नियम (३) मा रहेका "अञ्चलाधीश कार्यालयलाई" भन्ने शब्दहरूको सट्टा "जिल्ला कार्यालयलाई" भन्ने शब्दहरू राखिएका छन्।

४. मूल नियमावलीको नियम १६ मा संशोधनः मूल नियमावलीको नियम १६ को उप-नियम (१) को खण्ड (ग) मा रहेका "नगर पंचायतको" भन्ने शब्दहरूको सट्टा "नगरपालिकाको" भन्ने शब्दहरू राखिएका छन्।

५. मूल नियमावलीको नियम २६ मा संशोधनः मूल नियमावलीको नियम २६ को उप-नियम (१) मा रहेका "गाउँ वा नगर पंचायतबाट" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाबाट" भन्ने शब्दहरू राखिएका छन्।

६. मूल नियमावलीको नियम २७ मा संशोधनः मूल नियमावलीको नियम २७ मा रहेका "गाउँ वा नगर पंचायतबाट" भन्ने शब्दहरूको सट्टा "गाउँ विकास समिति वा नगरपालिकाबाट" भन्ने शब्दहरू राखिएका छन्।

७. मूल नियमावलीको अनुसूची १२ मा संशोधनः मूल नियमावलीको अनुसूची १२ मा रहेका "नगर वा गाउँ पंचायतको" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरू राखिएका छन्।

८. मूल नियमावलीको अनुसूची १३ मा संशोधनः मूल नियमावलीको अनुसूची १३ मा रहेका "नगर वा गाउँ पंचायतको" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरू राखिएका छन्।

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको का.मु.सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९२०

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियन्त्रण ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी साबुन तथा डिटरजेण्ट पाउडर पैठारी गर्न नियन्त्रण लगाई राखेकोमा उक्त नियन्त्रण फुकुवा गरी साबुन तथा डिटरजेण्ट पाउडर सबै मुलुकबाट पैठारी गर्न पाउने गरी यो सूचना जारी गरेको छ । साथै यसअघि प्रकाशित देहायका सूचनाहरू खारेज तथा संशोधन समेत गरेको छ ।

खारेज गरिएका सूचनाहरूः

१. खण्ड ३१, मिति २०३८–१२–१६ संख्या ५० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।

२. खण्ड ३३, मिति २०४०–६–३ संख्या २३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना ।

३. खण्ड ३५, मिति २०४२–२–२८ संख्या ९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वाणिज्य मन्त्रालयको सूचना ।

संशोधन गरिएको सूचना

१. खण्ड ३४, मिति २०४१ –४–१ अतिरिक्ताङ्क १९ (घ) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको अनुसूची १ को २ परिमाणात्मक बन्देजका वस्तुहरू शीर्षक अन्तर्गत (ग) २१ मा "साबुन (लुगा धुने बाहेक)" भन्ने वाक्यांशको सट्टा "साबुन" भन्ने शब्द मात्र राख्ने गरी संशोधन गरेको छ ।

आज्ञाले,
दुर्गाप्रकाश पाण्डेय
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१२९
मुद्रण विभाग, सिंहदरबार

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले जापानको टोयोटा फाउण्डेशनको अनुदानबाट हङकङमा मुद्रण गरी ल्याएको नेपालमा हराएका कलात्मक मूर्तिहरूको फोटोसहित विवरण दिइएको STOLEN IMAGES OF NEPAL नामक पुस्तक २५०० प्रतिमा लाग्ने भन्सार महसूल छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उपसचिव

श्री ५ को सरकार

## जलस्रोत मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल इन्जिनियरिङ सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ५ को उप-नियम (७) को प्रयोजनको लागि सेवा प्रवेशको निमित्त तोकिएको शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित उपाधि गणना गर्नुपर्दा देहायका समूहको लागि देहायबमोजिमको योग्यता तोकिएको छ ।

| सि. नं. | समूह | माथिल्लो शैक्षिक योग्यता | विषय |
|---|---|---|---|
| १. | इलेक्ट्रिकल | सेवा प्रवेशको बखत स्नातक उपाधि हासिल नगरी सोझै स्नातकोत्तर उपाधि हासिल गर्नेहरूको लागि विधावारिधि (पीएच.डी.) । | टेक्निकल साइन्स (इलेक्ट्रिकल इन्जिनियरिङ विषयहरू) |

आज्ञाले,
श्यामप्रसाद अधिकारी
श्री ५ को सरकारको का.मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार
922